# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.

च. नं.

**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०६९ मंसिर १३ गते

नेपाल र दक्षिण कोरियाका मानव अधिकार आयुक्तहरूबीच भेटवार्ता

## मानव अधिकारको सम्वर्द्धनका लागि आपसी सहयोग र सहकार्यको दायरा फराकिलो बनाउन जोड

राष्ट्रिय मानव अधिकार आयोग (नेपाल) र राष्ट्रिय मानव अधिकार आयोग (दक्षिण कोरिया) बीच मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा आपसी सहयोग र सहकार्यको दायरा फराकिलो बनाउने विषयमा छलफल भएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग (दक्षिण कोरिया) का अध्यक्ष ह्युन ब्युङ चुल **(Hyun Byung Chul)** को नेतृत्वमा आएको चार सदस्यीय प्रतिनिधि मण्डल र राष्ट्रिय मानव अधिकार आयोग (नेपाल) का पदाधिकारीहरुबीच आयोगकै कार्यालयमा बुधबार भएको भेटवार्तामा त्यस विषयमा छलफल भएको हो ।

भेटवार्तामा आफ्नो विचार अघि सार्दै राष्ट्रिय मानव अधिकार आयोग (दक्षिण कोरिया) का अध्यक्ष ह्युन ब्युङ चुलले दक्षिण कोरियामा रहेका आप्रवासी कामदारहरूका हक-अधिकारका पक्षमा क्रियाशील भएको बताउनुभयो ।

अध्यक्ष चुलले नेपालबाट दक्षिण कोरिया पुगेका आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षण र सम्वर्द्धनमा पनि आफूहरू गम्भीरतापूर्वक काम लागेको जानकारी दिनुभयो ।

उहाँले आप्रवासी कामदारको स्वास्थ्यसम्बन्धी हक, तिनका बालबालिकाको शिक्षाको हक र अन्य मौलिक मानव अधिकार र मौलिक स्वतन्त्रता सुनिश्चित गरिनुपर्छ भनेर सरकारलाई सिफारिश गरेको बताउनुभयो ।

उहाँले वैवाहिक सम्बन्धमा बाँधिएर कोरिया पुगेका र अभिलेखीकरण नभएका अन्य प्रकृतिका आप्रवासी कामदारहरूका मानव अधिकारको रक्षाका लागि दक्षिण कोरिया सरकारलाई झक्झक्याइरहेको जानकारी दिनुभयो ।

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले कोरियाइ प्रतिनिधि मण्डललाई स्वागत गर्दै राष्ट्रिय मानव अधिकार आयोग (दक्षिण कोरिया) लाई मानव अधिकारको संरक्षण र सम्वर्द्धनको दिशामा घनिष्ट साझेदारको लिएको बताउनुभयो ।

अध्यक्ष उपाध्यायले नेपाल र दक्षिण कोरियाका राष्ट्रिय मानव अधिकार आयोगहरूबीच आप्रवासी कामदारहरूका सम्बन्धमा समझदारीपत्रमा हस्ताक्षर भएको प्रसंग स्मरण गर्दै मानव अधिकारको वृहत्तर लक्ष्य हाँसिल गर्ने अभियानमा राष्ट्रिय मानव अधिकार आयोग (दक्षिण कोरिया) सँग आफूहरूले आउँदा दिनमा पनि सहकार्य गर्न चाहेको विचार अघि सार्नुभयो । उहाँले कोरियामा रहेका आप्रवासी नेपाली कामदारहरूका हक-अधिकारका पक्षमा पनि चासो राख्नुभएको थियो ।

आयोगका सदस्य गौरी प्रधानले आप्रवासी कामदारहरूको हक-हित संरक्षणका लागि अन्तर्राष्ट्रिय र क्षेत्रीय सहयोगका दायरा फराकिलो पार्ने विषयमा दुई देशका आयोगबीच आपसी सहकार्यका लागि प्रसस्त सम्भावना रहेको चर्चा गर्दै आफूहरू मानव अधिकारका साझा सरोकारका विषयमा हातेमालो गरेर अघि बढ्न चाहेको बताउनुभयो ।

सदस्य प्रधानले नेपाल र दक्षिण कोरियाका राष्ट्रिय मानव अधिकार आयोगहरूबीच आप्रवासी कामदारहरूका सम्बन्धमा समझदारीलाई सशक्त र प्रभावकारी बनाउन त्यसको नियमित अनुगमन हुनुपर्ने खाँचो औंल्याइनुभयो ।

भेटवार्तामा आयोगको सदस्य रामनगिना सिंह, सचिव विशाल खनाल र उच्चपदस्थ अधिकृतहरू सहभागी हुनुहुन्थ्यो ।

स्मरणीय छ, नेपाल र दक्षिण कोरियाका राष्ट्रिय मानव अधिकार आयोगहरूबीच आप्रवासी कामदारहरूका सम्बन्धमा समझदारीपत्रमा सन् २०१० डिसेम्बर २७ मा हस्तारक्षर भइसेको छ ।

वेदप्रसाद भट्टराई

निर्देशक


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org